राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७१ कार्तिक ४ गते

## आयोगका पदाधिकारीहरूद्वारा प्रहरी हिरासत कक्षको अनुगमन

# थुनुवा कक्षको भौतिक अवस्था सुधार्न निर्देशन

राष्ट्रिय मानव अधिकार आयोगका नवनियुक्त सदस्यहरू प्रकाश वस्ती र गोविन्द शर्मा पौड्याल तथा आयोगका अधिकृतहरू सम्मिलित एक टोलीले महानगरीय प्रहरी परिसर हनुमान ढोकास्थित हिरासत कक्षको मंगलबार आकस्मिक अनुगमन गरेको छ।

अनुगमन टोलीले थुनुवा कक्षको भौतिक अवस्था, सुरक्षाकर्मीहरू बस्ने ब्यारेक, क्यान्टिनलगायतका स्थानहरूको निरीक्षण गऱ्यो।

अनगमन पछि सदस्यद्वय वस्ती र पौड्यालले थुनुवा कक्ष अत्यन्य जीर्ण अवस्थामा पाइएको प्रतिक्रिया दिँदै त्यसलाई अन्यत्र स्थानान्तरण गर्न गृह मन्त्रालय, कारागार व्यवास्थापन विभाग, प्रहरी प्रधान कार्यालय तथा काठमाडौं महानगरपालिका समेतको ध्यानाकर्षण गराउने जानकारी दिनुभयो। यसैगरी उहाँहरूले थुनुवा कक्षलगायतका स्थानहरूको अवस्था सुधार गर्न, अपराध अनुसन्धानमा वैज्ञानिक पद्धति अपनाउन र मानव अधिकारप्रति सम्वेदनशील रहन पनि निर्देशन दिनुभयो।

सो अवसरमा अनुगमन टोलीसँग कुराकनी गर्दै वरिष्ठ प्रहरी उपपरीक्षकद्वय उत्तमकुमार कार्की र पुष्कर कार्कीले मानव अधिकारको विषयमा आफूहरू सचेत र सम्वेदनशील रहेको धारणा राख्नुभयो। उहाँहरूले आफूहरू मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा प्रतिबद्ध रहेको जानकारी दिनुभयो।

'राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८' को दफा ४ ले आयोगको काम, कर्तव्य र अधिकारबारे व्यवस्था गरेको छ। सो ऐनको दफा ४ (क) मा 'मानव अधिकारको संरक्षणका लागि कारागार, नेपाल सरकारका अन्य निकाय, सार्वजनिक संस्था वा निजी संस्था वा अन्य कुनै ठाउँको निरीक्षण तथा अनुगमन गर्ने, गराउने र मानव अधिकारको संरक्षणको लागि त्यस्ता निकाय, संस्था वा ठाउँमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक सुझाव वा निर्देशन दिने' उल्लिखित छ।

यसैगरी 'नेपालको अन्तरिम संविधान, २०६३' को धारा १३२ मा राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकारबारे व्यवस्था गरिएको छ।

......................
वेदप्रसाद भट्टराई
कामु सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org